# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०८।२१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, राजविराज नगरपालिकाभित्रको सडकको दायाँवायाँ वृक्षारोपण गर्नको लागि निकासा भएको रकमबाट केही स्थानहरुमा मात्र बृक्षारोपण गरी बाँकी रकम नगरपालिकाका कार्यकारी अधिकृतसमेतको मिलेमतोमा हिनामिना गरेको हुँदा छानविन गरी आवश्यक कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राजविराज नगरपालिका, नगर कार्यपालिकाका सब-इन्जिनियर, तत्कालीन अनुगमन तथा मूल्याङ्कन अधिकृत, आर.के. ईन्जिनियरिङ्ग कन्सल्टेन्टका प्रोपराईटर, सेभ द नेपाल, राजविराजका अध्यक्ष र सेभ द नेपाल, राजविराजका कोषाध्यक्षसमेतको मिलोमतो र संलग्नतामा निजहरुले नभएको नगरिएको कार्यलाई पनि भएको गरिएको भनी र कम गुणस्तरको कामलाई पनि निर्धारित गुणस्तरको काम भएको भनी सरकारी रकम हिनामिना गरेकोले निजहरुको हकमा निम्नानुसारको कसुरमा निम्नानुसार सजायको मागदाबी लिइएको छ ।

क) **सब-इन्जिनियर सत्यजीब कुमार सिंह**ले राजविराज नगरपालिकाभित्र सडकको दायाँवायाँ गरिएका वृक्षारोपण कार्यको अन्तिम मूल्याङ्कनमा निर्माणस्थलमा भएको भन्दा बढी परिमाणको कार्य उल्लेख गरी तथा प्रयोग भएको तारजालीको पनि निर्धारित गुणस्तरयुक्त तथा मापदण्डबमोजिम नभएकोलाई भएको भनी भुक्तानीको लागि सिफारिस गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेकोले निज सत्यजीब कुमार सिंहलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम रु.१७,७५,७४२।४० (अक्षेरेपी सत्र लाख पचहत्तर हजार सात सय बयालीस रुपैया चालीस पैसा) बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल उपर हुन मागदावी लिइएको छ ।

ख) **तत्कालीन अनुगमन तथा मूल्याङ्कन अधिकृत शीतल रिमाल**ले वृक्षारोपण कार्यको अन्तिम मूल्याङ्कनमा निर्माणस्थलमा भएको भन्दा बढी परिमाणको कार्य उल्लेख गरी तथा प्रयोग भएको तारजालीको पनि निर्धारित गुणस्तरयुक्त तथा मापदण्ड बमोजिम नभएकोलाई भएको भनी रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छयासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) रकम सेभ द नेपाल, राजविराजलाई भुक्तानीको लागि सिफारिस गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम कसुर गरेकोले निज शीतल रिमाललाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छयासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल उपर हुन मागदावी लिइएको छ ।

ग) तत्कालीन अनुगमन तथा मूल्याङ्कन अधिकृत सूचना तिमल्सिनाले कार्यको अन्तिम मूल्याङ्कनमा निर्माणस्थलमा भएको भन्दा बढी परिमाणको कार्य उल्लेख गरी तथा प्रयोग भएको तारजालीको पनि निर्धारित गुणस्तरयुक्त तथा मापदण्डबमोजिम नभएकोलाई भएको भनी रु.९,८९,४५४।७६ रकम तारजाली सहित वृक्षारोपण कार्यक्रम उपभोक्ता समिति, राजविराजलाई भुक्तानीको लागि सिफारिस गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) र (ग) बमोजिम कसुर गरेको हुँदा निज सूचना तिमल्सिनालाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम रु.९,८९,४५४।७६ (अक्षेरेपी नौ लाख उन्नानब्बे हजार चार सय चौवन्न

रुपैया छयत्तर पैसा) बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा(१) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल उपर हुन मागदावी लिइएको छ ।

घ) **आर.के. इन्जिनियरिङ्ग कन्सल्टेन्टका प्रोपराइटर टुनालाल कर्ण**ले राजविराज नगरपालिका सडक दायाँवायाँ तारजालीसहित वृक्षारोपण कार्यक्रम सेभ द नेपाल, राजविराजबाट भएको तारजालीसहित वृक्षारोपण कार्यमा रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छ्यासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) रकम बराबरको कम संख्या तथा गुणस्तरको काम भएकोमा पूरै संख्या र गुणस्तरबमोजिमको काम भएको भनी अन्तिम मूल्याङ्कन बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी बढी भुक्तानी दिलाई निज आर.के. इन्जिनियरिङ्ग कन्सल्टेन्टका प्रोपराइटर टुनालाल कर्णले सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम कसूर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छ्यासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) बिगो कायम गरी सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

ङ) **सेभ द नेपाल, राजविराज र तारजालीसहित वृक्षारोपण कार्यक्रम उपभोक्ता समिति, राजविराजका अध्यक्ष घनश्याम झा**ले वृक्षारोपण कार्यको कम संख्यामा तारजालीसहित विरुवा रोपिएको र निर्धारित तौलभन्दा कम तौलको तारजालीको प्रयोग गरी कार्य सम्पन्न गरी भुक्तानी लिने सेभ द नेपाल, राजविराज र तारजालीसहित वृक्षारोपण कार्यक्रम उपभोक्ता समिति, राजविराजका अध्यक्ष घनश्याम झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेकोले राजविराज नगरपालिकाभित्र सडकको दायाँवायाँ भएको वृक्षारोपणको भुक्तानी लिनेमा संलग्न निज घनश्याम झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम रु.१७,७५,७४२।४० (अक्षेरेपी सत्र लाख पचहत्तर हजार सात सय बयालीस रुपैया चालिस पैसा) बिगो कायम गरी सजाय गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल हुन मागदाबी लिइएको छ ।

च) **सेभ द नेपाल, राजविराजका कोषाध्यक्ष ललितनारायण झा**ले राजविराज नगरपालिका सडक दायाँवायाँ तारजालीसहित वृक्षारोपण कार्यक्रम संचालन गरेकोमा निज ललित नारायण झासमेतको संलग्नतामा कार्यक्रम संचालन भएको तथा संस्थाको अध्यक्ष घनश्याम झासँगको संयुक्त बैङ्क खाताबाट कार्यक्रम सम्पन्न गरेबापत आएको रकम भुक्तानी लिई सम्पन्न गरेको कामभन्दा रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छ्यासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) भुक्तानी लिनेमा संलग्न निज ललित नारायण झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम रु.७,८६,२८७।६४ (अक्षेरेपी सात लाख छ्यासी हजार दुई सय सतासी रुपैया चौसठ्ठी पैसा) बिगो कायम गरी सजाय गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम हानिनोक्सानी भएको उक्त बिगो निजबाट असुल हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

तारानाथ अधिकारी